**पञ्चपुरी नगरपालिकाले दिने सेवा र सुविधाको प्रभावकारिता विषयक**

# सार्वजनिक सुनुवाइ कार्यक्रम

**२१ असार २०८१**




**आयोजक : पञ्चपुरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय**
**वावियाचौर, सुर्खेत**

**२१ असार २०८१**

सार्बजनिक सुनुवाइ  कार्यबिधि  २०६७ अनुसार

# बिषय सूचि

पेज


१.१ पञ्चपुरी नगरपालिकाको परिचय

१.२ सार्बजनिक सुनुवाइको परिचय

२. सार्बजनिक सुनुवाईको विधि

३ कार्यक्रम आयोजना स्थल

४ कार्यक्रम आयोजना गरेको मिति र समय

५ कार्यक्रम सञ्चालन गरियको समयावधि धण्टा / मिनेटमा

६ प्रस्तुतिकरण

(क)  सार्बजनिक सेवा प्रवाहको स्थिति

(ख) नागरिक प्रतिवेदन पत्रको नतिजा

(ग) निर्गम वा बहिगर्मन अभिमतको नतिजा

सार्बजनिक सुनुवाइ  २०८१/०३/२१

सार्बजनिक सुनुवाइ कार्यक्रमका लक्षित उपलब्धिहरु

आ.ब २०८०/०८१ मा नगरपालिका कार्यालयबाट संचालित कार्यक्रमहरु

सार्वजनिक सुनुवाइ कार्यक्रममा खीचीएका फोटोहरु

सार्बजनिक सुनुवाइ  २०८१ असार २१ गतेको उपस्थिति

सूचना प्रकाशन तथा प्रशारण  सम्बन्धमा पत्रहरु

सन्दर्भसामग्रीहरु


**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**

# प्रथम भाग

## नगरपालिकाको परिचय

**१. नगरपालिकाको संक्षिप्त परिचयः**

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित आयोगको प्रतिवेदन तथा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट विभिन्न मितिमा गठन भएका समितिको सिफारिस समेतको आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/११/२२ को निर्णयानुसार नेपाल सरकारले २०७३ साल फागुन २७ गतेको राजपत्रमा प्रकाशित गरेको सुचना बमोजिम साविक सालकोट, बाबियाचौर, छाप्रे, विद्यापुर र तातापानी गा.वि.स. समाहित गरी स्थानीय तहको रुपमा कार्यान्वयनमा आएको यो नगरपालिका कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर देखि १६ कोष पश्चिममा अवस्थित छ । यो नगरपालिका क्षेत्रफलको हिसाबले सुर्खेत जिल्लाका स्थानीय तह मध्ये तेश्रो ठूलो र ५ वटा नगरपालिका मध्ये सबै भन्दा ठूलो नगरपालिका हो ।

**२. नगरपालिकको नामाकरण**

यस नगरपालिकाको नामाकरण धार्मिक र ऐतिहासिक स्थानको रुपमा परिचित साविकको छाप्रे गा.वि.स. वडा नं. १ हाल पञ्चपुरी नगरपालिका वडा नं. ७ मा रहेको पञ्चपुरी माईको मन्दिरको नामबाट राखिएको छ । स्थानीय जनश्रुति अनुसार यो क्षेत्रमा प्राचिन समयमा पञ्च भलाद्मीहरुले महत्वपूर्ण निर्णय गर्दा सबै जना यस ठाउँमा भेला भै निर्णय गर्ने तथा यस क्षेत्रको विकासका लागि योजना बनाउँदा सबै पञ्चहरु भेला हुने ठाउँ भएकाले पनि यसको नाम पञ्चपुरी रहन गएको हो भन्ने किम्वदन्ती रहेको छ ।

**३. भौगोलिक अवस्थितीः**

**अवस्थितीः**

अक्षांसः२८°३९, ४६ उत्तरी अक्षांस देखि२८°५४,५० उत्तरी अक्षांस सम्म
देशान्तरः ८१°१५ २७ पूर्वी देशान्तर देखि ८१°३१२९पूर्वी देशान्तर सम्म

**सिमानाः**

**पूर्वः** बराहताल गाउँपालिका
**पश्चिमः** चौकुने गाउँपालिका
**उत्तरः** तुर्माखाँद गाउँपालिका (अछाम)
**दक्षिणः** बर्दिया राष्ट्रिय निकुन्ज र मोहन्याल गाउँपालिका (कैलाली)

**क्षेत्रफलः** ३२९.९० वर्ग कि.मी.
**उचाईः** समुन्द्र सतहबाट १९८ मीटर देखि २१०० मीटरसम्म ।
**हावापानीः**उपोष्ण र न्यानो समषितोष्ण
औषत बर्षाः १०० मिली लिटर तापक्रमः न्यूनतम ५.९°Cदेखि ३७.५°Cसम्म ।
अधिकतम पूर्व-पश्चिम लम्बाईः १९.३ कि.मी. अधिकतम उत्तर-दक्षिण लम्बाईः २७.८ कि.मी.

**४.प्रशासनिक विभाजनः**

**प्रदेशः** कर्णाली
**जिल्लाः** सुर्खेत
**निर्वाचन क्षेत्र नं.** २
**वडा संख्याः** ११
**कूल जनसंख्याः-** ३२२३१/३५८३९ जना (२०६८ र २०७८ को राष्ट्रिय जनगणना अनुसार)

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**

पुरुष: १५४२२/१७२३० जना महिला: १६८०९/१८६०९ जना घरधुरी संख्या : ६३०४/७८०३ **कूल जनघनत्व:** ९७.७/१०८.६३

**पञ्चपुरी नगरपालिकाको वडागत जनसङ्ख्या विवरण** (२०७८ को राष्ट्रिय जनगणना अनुसार)

| वडा.नं. | घरपरिवार | लैङ्गिक अनुपात | औषत परिवार | क्षेत्रफल | जनसंख्या को विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | पुरुष | महिला |
| १ | ४६० | ९२.५९ | ४.८३ | २८.१७ | २२२१ | १०७९ | ११४२ |
| २ | ७७३ | ९४.४८ | ४.०८ | १३.१६ | ३१५६ | १४६२ | १६९४ |
| ३ | ८३८ | ८६.३० | ४.४८ | ८.७७ | ३७५४ | १७७५ | १९७९ |
| ४ | ५९९ | ८९.६९ | ४.८४ | १५.३३ | २९०२ | १३९६ | १५०६ |
| ५ | ७९४ | ९२.७० | ४.५८ | १८.७४ | ३६३५ | १७९६ | १८३९ |
| ६ | ८३९ | ९७.६६ | ४.९४ | १२.८५ | ४१४८ | २०१३ | २१३५ |
| ७ | ६६५ | ९४.२९ | ४.७७ | ६१.१४ | ३१७० | १५६३ | १६०७ |
| ८ | ८३५ | ९७.२६ | ४.३४ | २७.५७ | ३६२५ | १७२६ | १८९९ |
| ९ | ७७६ | ९०.८९ | ४.४५ | २२.०३ | ३४५६ | १६५८ | १७९८ |
| १० | ६५८ | ९२.२१ | ४.७१ | ७०.४६ | ३०९८ | १५१२ | १५८६ |
| ११ | ५६६ | ९५.३३ | ४.७२ | ५१.६८ | २६७४ | १२५० | १४२४ |
| जम्मा ७८०३ | | | ४.५९ | ३२९.९ | ३५८३९ | १७२३० | १८६०९ |

## ५. मुख्य जातीय समुदाय:-

क्षेत्री, ब्राह्मण, मगर, कामी, नेवार, गुरुङ, दमाइ/ढोली, ठकुरी, सार्की, सन्यासी/दशनामी, बादी, राजी, कुमाल, माझी, अन्य ।

## ६. मुख्य नदी , खोला तथा ताल तलैया:-

**मुख्य नदी:**- भेरी, कर्णाली

**खोला नाला:**-चौर खोला, तेलपहरा विजु खोला, मैनघाट खोला, गुठु खोला (गुठु रविद्यापुरको सिमाना), घट्टे खोला, डुम्री खोला,माझ खोला आदि ।

**ताल**:-जाजुरा दह ,मुलिदह दह , गुप्ती ताल,श्रीताल, बण्ड (ताल)

**७. ऐतिहासिक तथा धार्मिक पर्यटकिय स्थल:-** जाजुरा दह, मुलिदह दह,गुप्ती ताल,भेरी कर्णालीदोभान, पञ्चपुरी कागेश्वरीमाइको मन्दिर, मालिकामाइको मन्दिर,चमेरे गुफा, पाचँतले कुण्डलीनी गुफा,गइगाउ झरना, शिवशक्तिधाम, शिवधाम, सर्वोश्वरधाम, मदन आश्रित पार्क, त्रिवेणी पार्क,चतुरे पार्क,शहिद पार्क आदि ।

**८. धर्म रितीरिवाज:-** हिन्दु , बौद्ध, क्रिसीयन,अन्य ।

**मुख्य बाली:**- धान, गहु, मकै, जहु , तोरी , केराउ, तिल, दलहन र तेलहन ।

९. **<u>शैक्षिक अवस्थाः-</u>**

| विवरण | सरकारी | सामुदायिक | निजि | कुल |
|---|---|---|---|---|
| प्रा.वि | ३६ | | २ | ३८ |
| नि.मा.वि | ११ | | ४ | १५ |
| मा.वि | ६ | | १ | ७ |
| क्याम्पस | १ | | | १ |
| अन्य | प्राविधिक शिक्षालय | १ | | १ |
| | जम्मा | १ | ७ | ६२ |

**१०. बैक तथा वित्तीय संस्थाः**-राष्ट्रिय वाणिज्य बैक, कुमारी बैक, एन.सी.सी. बैक, लघुवित्त ।

**११. एफ.एम. रेडियो**ः- डाडादरा एफ.एम. ।

**१२. नगर क्षेत्र भित्र रहेका मुख्य बजार**ः-बाबियाचौर बजार, सालकोट बजार, विद्यापुर बजार आदि ।

**१३. मुख्य वनस्पतिः**-चिउरी , सिमल, साल, सल्लो, अमला, बाभ्र, कटुस ,काफल, समयो, काउलो, तिजु ,तेजपत्ता, टिमुर, बास, निगालो, अम्रिसो, हर्रो, बर्रो

**स्थानीय चाडपर्वः**-दशै, तिहार, माघी, तिज, होलि,चतै दशै, क्रिशमस डे,आदि ।

# दोस्रो भाग

## सार्बजनिक सुनुवाइको परिचय

### २.सार्वजनिक सुनुवाइको परिचय

स्थानिय सरकार संचालनका सम्बन्धमा जारी भएको ऐन २०७४ परिच्छेद १० को दफा ७८ उपदफा (५) बमोजिम स्थानीय सरकारले गरेका र गर्ने योजनाको बारेमा स्थानीय बासिन्दालाई जानकारी दिनु पर्ने कानुनी नीतिगत मान्यता अनुसार यो काम भएको छ । यो कार्य गर्दा सार्बजनिक सुनुवाई कार्यविधि २०६७ तथा ऐन २०७४ अनुसार स्थानिय तहले आफूले गर्ने र गरेका विकास निर्माण कार्यक्रम स्थानिय बासिन्दालाई सार्बजनिकिकरण गर्ने परम्परालाई कायम गर्न यो कार्य गरिएको छ । यहि परम्परा अनुसार वि.स.२०८१ असार २१ मा  पञ्चपुरी नगरपालिकाले नगरवासिलाई दिने सेवा र सुविधा विषयक सार्वजनिक सुनुवाइ कार्यक्रम (२१ असार २०८१ मा) सम्पन्न भएको छ ।

**सार्वजनिक सुनुवाइ किन ?**

- स्थानिय सरकार संचालन ऐन २०७४ परिच्छेद १० को दफा ७८ उपदफा (५) अनुसारको कार्य पुरा गर्न
- त्यस्तो सम्वादबाट जनतालाई विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराउन
- जवाफदेहिताको संस्कार बसाउन (स्थानीय बासिन्दा,जनप्रतिनिधि र कर्मचारी)
- पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन
- सामाजिक समावेशिकरणलाई प्रभाबकारी बनायर विकासका सम्पूण गतिविधिमा पहिचानिक प्रतिवनधित्व गराउने
- स्थानिय तहले सेवाग्राहिलाई के कस्त सेवा र सुविधा दिदै आएको छ र त्यसको प्रभाकारीता कस्तो छ भन्ने कुराको जानकारी गराउन सार्वजनिक सुनुवाई गरिन्छ ।

**स्थानीय तहका लागि उत्तरदायित्वका औजारहरु**

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले सार्बजनिक सेवा प्रवाहलाई पारदर्शी,उत्तरदायी र जबाफदेही बनाउन**

**सामाजिक परीक्षण** : नगरपालिकाले गरेका कार्यबाट समाजमा परेको सामाजिक प्रभाबको परीक्षण ...

**सार्वजनिक परीक्षण** : नगरपालिकाले गर्ने र गरेका कार्यहरुको बारेमा योजना स्थलमा नै उपस्थित भएर गर्ने लेखाजोखा.......।

**सार्वजनिक सुनुवाइ** : २ पटक नगरपालिकाले  गर्ने कार्यहरु कानुन संगत रुपमा यो काम गरिएको छ ।

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**

सार्बजनिक सुनुवाइ  कार्यबिधि  २०६७ अनुसार

**सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने आचार संहिता**

- सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।
- जिज्ञासा तथा प्रश्न बुदागत रुपमा छोटकरिमा राख्नुपर्नेछ
- आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।
- कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।
- सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।
- सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।
- मोवाइललाई चुपचापको अवस्थामा राख्न अनुरोध गरिनेछ ।

**सार्वजनिक सुनुवाईको उद्देश्य**

- सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने
- नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने
- जवाफदेही संस्कार बसाउने
- नीतिगत शर्त तथा कार्य सम्पादन मापनको एउटा सूचाङ्क पूरा गर्न

**सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन**

- अध्यक्षता तथा आशन ग्रहण
- कार्यक्रमको उद्देश्य माथि प्रकाश तथा आचार संहिताबारे जानकारी
- सार्वजनिक सेवा प्रवाह, नागरिक प्रतिवेदन पत्र, बहिर्गमन अभिमत प्रस्तुति
- जिज्ञासा तथा सुझाव संकलन, पदाधिकारीहरुले स्पष्ट पार्ने,

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**

- समापन मन्तव्य, समीक्षा र विश्लेषण
- सार्वजनिक सुनुवाइको प्रतिवेदन तयारी

**३. सार्वजनिक सुनुवाईको विधि**

विधि भनेको एक प्रकारको तरिका हो जो निश्चित कार्य दायरामा हुन्छ । अवलोकन, प्रश्नावली, समुह छलफल विधिलाई मुख्य रुपमा अवलम्बन गरेर सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गर्ने काम गरियो । सार्वजनिक सुनुवाईलाई नागरिक सुनुवाइ पनि भन्ने गरिन्छ । स्थानिय तहका कार्यक्रम र गतिविधिको बारेमा जानकारि पाउनु स्थानिय बासीको मौलिक हकनै हो भन्दा अन्यथा हुदैन । सार्वजनिक सुनुवाईमा मुख्यतया अबलोकन निरिक्षण(सबै शाखाहरुको) नागरिक सरोकारवाला योजनाको निरिक्षण,समाजशास्त्रीय अबलोकन, प्रश्नावली र प्रत्यक्ष छलफल विधिको अवलम्बलन गरिएको थियो ।

**४. कार्यक्रम आयोजना स्थल**

पञ्चपुरी नगरपालिका वडा न. ९ विद्यापुर, सुर्खेत ।

**५. कार्यक्रम आयोजना गरेको मिति र समय**

वि.सं. २०८१ असार २१ गते दिउसो ११ : ०० बजेदेखि ३.०० बजे सम्म ।

**६. कार्यक्रम सञ्चालन गरिएको समयावधि घण्टा/मिनेटमा**

४.० घण्टामा कार्यक्रम सम्पन्न भएको थियो ।

**७. प्रस्तुतीकरण**

**(क) सार्वजनिक सेवा प्रवाहको स्थिति**

नगरपालिकाले सेवाग्राहिलाई दिने सेवा र सुविधालाई सर्वसाधरणको पहुचमा पुऱ्याउनु पर्दछ । समता,समानता,सामाजिक समावेशीकरण,दलिय समाबेशिकरण र भाइचाराको भावनात्मक सम्वन्ध स्थापना गरेर विकासका कार्यहरु संचालन गर्नु पर्दछ । विकासमा सहभागिताको सिद्धान्तलाई ब्यवहारमा उतार्नु पर्दछ । कर्मचारी र निर्बाचित जनप्रतिनिधिहरुले संघका माननिय र प्रदेश सभाका सदस्याहरुसंग पनि मिलेर जनताको सेवा गर्नु पर्दछ । संचालित योजनाहरुमा प्राविधिक सहयोग आवश्यकता मात्रमा पाउने गरिएको छ तर लागत अनुमान र बजार भाउले मेल खान नसकेको जस्ता जनचाशो सूचना संकलन तथा अध्यानको क्रममा पाइएको थियो । आयोजनाको ठेक्का लिनेहरुले पाउने प्राविधिक सहयोग भन्दा

उपभोक्ताले पाउने सहयोग सरल र सहज हुन्छ । नागरिकहरुबाट संकलन गरिएको अभिमत र विगतमा भएको सार्वजनिक सुनुवाइमा गरिएका प्रतिबद्धताहरुलाई विश्लेषणात्मक रुपमा हेर्दा सेवाप्रवाहको स्थिति रचनात्मक रुपमा अगाडि बढ्न थालेको अनुमान हुन्छ । योजना समयको माग र जनशक्तिको माग अनुसार संचालन गर्नु पर्दछ । पहिचानीक योजना संचालन आजको आबस्यकता हो ।

**आ.ब. २०७९/०८० को आय विवरण**

६४ करोड ५९ लाख ३० हजार ९११ थियो । चालु खर्च रु. ३५ करोड १९ लाख ५९ हजार ७९३ प्रतिसतमा ७९.०३ थियो भने पुंजीगत खर्च रु. २० करोड १७ लाख ६३ हजार ४९१ रहन गएको थियो । जम्मा ८७.४ प्रतिसत खर्च गरिएको थियो ।

**आ.ब. २०८०/०८१ को आय विवरण**

६६ करोड ९८ लाख ३४ हजार ६२९ पैसा ०० अनुमानित बजेट विनियोजन गरिएको छ । जसमा चालु खर्च रु.३७ करोड ३३ लाख ३३ हजार  प्रतिसतमा ५५.७३ छ भने पुँजीगत खर्च रु. २९ करोड ६५ लाख १ हजार ६२९ प्रतिसत ४४.२६ रहन गएको छ ।

चालु आ.ब.मा संघीय सरकार,प्रदेश सरकार,नगरपालिकाका र वडा न.१ देखि ११ ले सञ्चालन गर्ने कार्यक्रम योजनाको संख्या ११३ छ , जस अनुसार सम्झौता भएका ५७ सम्झौता हुन बाँकी ५६ योजना र भुक्तानी भएका ०४ योजना रहेको योजना शाखाबाट विवरण प्राप्त भएको थियो भने ।


| सरकार | जम्मा योजना संख्या | सम्झौता योजना संख्या | सम्झौता हुन बाँकी | भुक्तानी भएका | भुक्तानी हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रदेश सरकार शसर्त अनुदान सशर्त थपसमेत | २७ | १८ | ९ | ० | | |
| राष्ट्रपति शैक्षिक सुधार | ० | ० | ० | ० | | |
| जलवायु परिवर्तन | ८ | ० | ८ | ० | | ६ नगर २ प्रदेश |
| विशेष अनुदान | १ | ० | १ | ० | | |
| समपुरक अनुदान | १ | ० | १ | ० | | |
| वडा न.१ | ७ | ३ | ४ | ० | | |

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा न.२ | ५ | ५ | ० | ० | | |
| वडा न.३ | ६ | ४ | २ | ३ | | |
| वडा न.४ | ४ | ३ | १ | ० | | |
| वडा न.५ | १० | ४ | ६ | ० | | |
| वडा न.६ | ७ | ५ | २ | ० | | |
| वडा न.७ | ७ | १ | ६ | ० | | |
| वडा न.८ | १५ | ७ | ८ | १ | | |
| वडा न.९ | ५ | ४ | १ | ० | | |
| वडा न.१० | ३ | २ | १ | ० | | |
| वडा न.११ | ७ | १ | ६ | ० | | |
| जम्मा | ११३ | ५७ | ५६ | ०४ | | |
| सरकार | जम्मा योजना संख्या | सम्झौता योजना संख्या | सम्झौता हुन बाँकी | भुक्तानी भएका | भुक्तानी हुन बाँकी | कैफियत |
| प्रदेश सरकार शसर्त अनुदान सशर्त थपसमेत | २७ | २२ | ०५ | ११ | ११ | |
| राष्ट्रपति शैक्षिक सुधार | ० | ० | ० | ० | | |
| संघीय ससर्त जलवायु परिवर्तन | ८ | ०२ | ०६ | ० | ०२ | |
| विशेष अनुदान | ० | ० | ० | ० | | |
| समपुरक अनुदान | ० | ० | ० | ० | | |
| वडा न.१ | १० | ७ | ३ | ६ | १ | |
| वडा न.२ | ११ | १० | १ | ८ | २ | |
| वडा न.३ | ११ | ६ | ५ | ६ | ० | |
| वडा न.४ | ७ | ६ | १ | ५ | १ | |
| वडा न.५ | १७ | ७ | १० | ४ | ३ | |
| वडा न.६ | ९ | ७ | २ | ५ | २ | |
| वडा न.७ | १२ | ८ | ४ | ४ | ४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा न.८ | २३ | १९ | ४ | १५ | ४ | |
| वडा न.९ | १४ | १० | ४ | १० | ० | |
| वडा न.१० | ४ | ३ | १ | २ | १ | |
| वडा न.११ | ११ | ६ | ५ | २ | ४ | |
| जम्मा | १६४ | ११४ | ५० | ७८ | ३५ | |

मिति २०८१ जेष्ठ ३२ गते सम्मको अवस्था हो ।



cf=j= 2080+081 df k'jf(wf/ tkm[ lj\gof]lht /sd

वडा नं. ०९

आ.व. २०८०/०८१ मा पूर्वाधार तर्फ बिनियोजित रकम

| सि.न. | योजनाको नाम | नगरस्तरीय/वडा स्तरीय | सम्झौता भएको/नभएको | बिनियोजित रकम | इस्टिमेट भयको/नभएको | काम सम्पन्न हुन बाकी | प्रतिशत | भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| | वडा नं. ९ | | | | | | | |
| १ | सामुदायीक भवन निर्माण | प्रदेश | भएको | ३०,००,०००। | इस्टिमेट भयको | कार्य हुँदै | ९०% | |
| २ | जनता बहुमुखी क्यमपसको अधुरो छात्राबास निमार्ण | प्रदेश | भएको | २०,००,०००। | इस्टिमेट भयको | काम हुदै | ८५% | |
| ३ | डाडादरा आयुर्वेध औषधालय भवन मर्मत | हिउदे | भएको | १५०,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | |
| ४ | प्रशान्त टोल माभकुलो निर्माण | हिउदे | भएको | २००,०००। | इस्टिमेट भयको | काम हुदै | ५०% | |
| ५ | आले टोल सडक निर्माण | हिउदे | भएको | २००,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | भुक्तानी |
| ६ | कल्यान मुहान खसेगडा सिचाई कुलो निर्माण | हिउदे | नभएको | १,५०,०००। | इस्टिमेट भएको | | ०% | |
| ७ | बन्झाडी खेतु सिचाई कुलो निमार्ण | हिउदे | भएको | २,५०,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | |
| ८ | बिरकोटे मुहान सिचाई कुलो निमार्ण | हिउदे | भएको | २००,०००। | इस्टिमेट भयको | काम हुदै | ७५% | |
| ९ | बोभी उपल्लो सिचाई निमार्ण | प्रदेश | भएको | १५,००,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | |
| १० | थापा न्युरेटोल खुर्सानीबारी सिचाई कुलो निमार्ण | वडा | भएको | २,००,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | |
| ११ | ढाब मुल सिमलबोट सिचाई कुलो निमार्ण | प्रदेश | भएको | १५,००,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | |
| १२ | फारम जामु सिचाई कुलो निमार्ण | प्रदेश | भएको | १५,००,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | |
| १३ | भुसाल टोल सिचाई कुलो निमार्ण | वडा | भएको | २,००,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | |
| १४ | सिली पलाउने अधीकारीटोल सिचाई कुलो निमार्ण | वडा | भएको | २,००,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | |
| १५ | राग भिलटोल ठाडो कुलो निमार्ण | वडा | भएको | २,००,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | |
| १५ | फलफुल प्रबन्धन कार्यक्रम | प्रदेश | भएको | १२,००,०००। | इस्टिमेट भयको | काम हुदै | ८०% | |
| १६ | कोलडाडा भ्यागुते मुहान देखी रातामाटो पक्की कुलो निर्माण | प्रदेश | भएको | ८,००,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | |
| १७ | वडा कार्यलय मर्मत तथा वडा परीसर बगैचा निर्माण | हिउदे | भएको | १,००,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | |
| १८ | सारधा प्रा.वी तल्लो बिजु चार कोठे भवन निर्माण | प्रदेश | भएको | ४०,००,०००। | इस्टिमेट भयको | काम हुदै | ३०% | |
| १९ | कागेश्वरी प्रा.वी औलछाप्रे चार कोठे भवन निर्माण | प्रदेश | भएको | ४०,००,०००। | इस्टिमेट भयको | काम हुदै | १०% | |
| २० | जनता मा.वी विदयालय भवन निर्माण | प्रदेश | भएको | ४०,००,०००। | इस्टिमेट भयको | काम हुदै | ८०% | |
| २१ | बिदयापुर बजार भित्री सडक निर्माण | प्रदेश | नभएको | १,००,००,०००। | इस्टिमेट भयको | नभएको | ०% | |
| २२ | कुलाछाप्रे थापाटोल देखी नर्चिने हुदै ढाब कागेश्वरी बिदयालय जाने सडक निर्माण | प्रदेश | नभएको | ३५,००,०००। | इस्टिमेट भयको | कार्य सम्पन्न | १००% | |
| २३ | कैराभारी कुन्टी काचपाटे सडक निर्माण | प्रदेश | भएको | १०,००,०००। | इस्टिमेट भयको | काम हुदै | ७०% | |
| २४ | प्रदेश सरकार समपुरक अनुदान फारम रिङ्गने सिचाहि कुलो निंमाण (क्रमागत) | प्रदेश | नभएको | २६,००,००० | इस्टिमेट नभएको | नभएको | | |

नगरपालिकाले आ.ब. २०८०/०८१ को अन्तमा १६४ योजनामा ११४ योजना सम्झौता गरेर ६९.५१ प्रतिसत प्रगति गरेको छ भने ३१.०९ प्रतिसत योजना सम्झौता गर्न सकेको छैन । १६४ योजनामा ७८ योजना सम्झौतापछि सम्पन्न गरेर ४७.५६ प्रतिसत योजना कार्य सम्पन्न गरेको देखिन्छ मने असार २४ सम्म अधिकतम योजना सम्पन्न हुने देखिन्छ ।

**(ख) नागरिक प्रतिवेदन पत्रको नतिजा**

**मिति २०८१ साल असार १९ गतेको सार्बजनिक सुनुवाईको लागि प्रश्नहरु तथा नतिजा**

**नागरिक प्रतिवेदन पत्रको नतिजा**

सेवाको सन्तुष्टि,सेवाको नियमितता,सेवा प्रतिको जनविश्वास,सेवाको गुणस्तर,सेवासम्बन्धी जानकारी,नागरिक बडापत्र,सिफारीस सम्बन्धीत,पूर्बाधार तथा सरसफाई र जनप्रतिनिधिहरु र कर्मचारीहरु विचको सम्बन्धलाई आधार मानेर प्रश्नावली तयार पारीएको थियो ।

**१. सेवाको सन्तुष्टि**

१.१ तपाइाले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

■ सन्तुष्ट (१०)  ठीकै (१०)  असन्तुष्ट ( ००)

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

■ सन्तुष्ट ( १२)  ठीकै (८)असन्तुष्ट (००)  **२.सेवाको नियमितता**

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?  सन्तुष्ट (८)  ठीकै (१२)असन्तुष्ट (००)

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता ) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?विश्वस्त (१०)  ठीकै  (१०)
अविश्वस्त (००)

२.३ तपाईले सेवा लिन जादा अतिरिक्त रकम तिर्नु भयो ?

■ तिरेको छैन  (२०) एकदमै कम (००)  धेरै तिरेको (००)

जम्मा अभिमत ५० जनाको एकजनालाई १६ प्रश्न शोधिएको थियो ।

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति  दिन लगाउने गरेको छ ?  १ दिन(१२)  २ दिन(५)  धेरै दिन  (०३ )

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

■ विश्वस्त (९)  ठीकै (११)  अविश्वस्त (००)

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई
कत्तिको प्रचार गर्नु भएको छ ?

■ धेरै (५) ठीकै (१०) गरेको छैन ( ०५)

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

■ धेरै (७) ठीकै (१३) विश्वास छैन (००)

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ? छ (१३) छैन (०२) अलिअलि थाहा छ (०५)

**४. सेवाको गुणस्तर**

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

■ सन्तुष्ट (०८) कम सन्तुष्ट (१२) असन्तुष्ट (००)

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

■ आफै (२० ) गाउँका ठूलाबडाको (००) मध्यस्थकर्ता (००)

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ? १ पटक (१५) २ पटक (०३) सो भन्दा वढी (०२)

**५. सेवा सम्बन्धी जानकारी**

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?अति राम्रो (०५) ठीकै (१५) नराम्रो (००)

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

■ छ (०५) आंशिक जानकारी छ (०७) कुनै जानकारी छैन ( ०८)

५.३ कार्यालय र सेवाग्रही बीचको सम्बन्ध कस्तो छ ?

■ अति राम्रो (९) ठीकै (११) खासै राम्रो छैन (००)

५.४ नगरमा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

■ २० प्रतिशत जति (०६) ५० प्रतिशत भन्दा माथि (०९) थाहा छैन (०५)

५.५ नगर सभामा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ? छ (१०) ठीकै छ (१०) प्रतिनिधित्व साह्रै कम छ(००)

**६. नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१  तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?धेरै (०५)  कम  (०९)  गरेको छैन  (०६)

६.२  तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

■ धेरै (०६)  ठीकै  (१४)  अति कम  (००)

६.३  तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

■ धेरै भएको छ  (०३) ठीकै भएको छ  (१५)  भएकै छैन  (०२)

**७. सिफारिस सम्बन्धी**

७.१  सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी

■ पाउनु भयो ?  पाएँ (१०) ठीकै पाए (०५)  स्पष्ट पाइान  (  ०५)

७.२  कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो? दिए (०२)  थोरै दिए  (००)  मागिएन र दिइएन पनि  (२०)

७.३  त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

■ आफैं  (१६) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे (०४)  नेता /ठूलाबडा (००)

७.४  राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?

■ सबैसँग कर उठाउँछन् (२०)

■ सीमित व्यक्ति सँग मात्र कर उठाउँछन्  (००)

■ धेरै वक्यौता रहने गरेको छ (००)

**८. पुर्वाधार तथा सरसफाई सम्बन्धी**

८.१  कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

■ राम्रो  (०६)  ठीकै (१४)  खराब (  ००)

८.२  कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ? तुरुन्तै हुन्छ (१०) पटक पटक भनेपछि मात्रै हुन्छ (१०)  जति भनेपनि हुन्न (००)

८.३  तपाईको विचारमा नगरपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

■ नियमित र राम्रो संग (१२)  ठीकै गर्छ  (०८) नियमित रुपमा गर्दैन (००)

८.४ तपाईको वडा/नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

- राम्रो (०३) ठीकै (१७) खराब (००)
- ८.५ तपाईको वडा/नगरमा नगरले सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?प्रभावकारी छन् (०९) ठीकै छन् (११) प्रभावकारी छैनन् (००)

**विवरण संकलनमा सोधिएका प्रश्नहरु**

(१) सेवाको सन्तुष्टि

(२) सेवाको नियमितता

(३) सेवा प्रतिको जनविश्वास


(४) सेवाको गुणस्तर

(५) सेवा सम्वन्धि जानकारि (उपभोक्ता समिति र अन्य )

(६) ना.वडापत्र,उजुरि पेटिका ,गुनाशो सुन्ने अधिकारी सम्वन्धमा

(७) सीफारिस सम्वन्धि

(८) पूर्वाधार तथा सरसफाइ सम्वन्धमा



## आ.ब. २०८०/०८१ को दोस्रो र चौमासिक तेस्रोको सार्बजनिक सुनुवाइको सार

१.सार्बजनिक सेवाप्रबाहको अबस्थाको बारेमा संकलन गरिएका विवरणहरुको आधारमा नगरपालिकाको कार्यबाट सेवाग्राही सकरात्मक सोचमा रहन गएको देखिन्छ ।

२.धेरैजसो सेवाग्राहीले नगरका पदाधिकारीबाट विकास र नगरको सेवासुविधा प्रभाबकारी हुनेमा विश्वास ब्यक्त भएको छ ।

३.जनप्रतिनिधिहरुले जनताको कार्य गर्नेमा नगरबासी आसावादी भएको अबस्था छ । नगरको योजना तथा कार्यक्रम संचालनमा प्राविधिकले समयमा काम सक्नेमा जनचाशो ब्यक्त भएको छ ।

४. कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम तिर्न नपरेको अभिमत आएको छ ।

५. अभिमत संकलनको आधारमा नगरपालिकाको अबस्था र सेवाप्रबाह मध्यम स्तरमा रहन गएको देखिन्छ ।

६. नगरपालिकामा स्थायी कर्मचारीको संख्या बढेको खण्डमा सेवाप्रबाह संचालनमा सहजता आउनेमा नगरबासी आसाबादी भएको देखिन्छ ।

७.नगरपालिकाको सेवाबाट नगरबासीहरु खुशी रहन गएको कुरा कार्यक्रममा ब्यक्त भएकाछन् ।

### (ग) निर्गम वा बहिगर्मन अभिमतको नतिजा

- **बहिर्गमन अभिमत**

- **सेवाग्राहीले सेवा सुविधाको प्राप्तिपछि कार्यालयबाट बाहिर निस्किने समयको अभिमत अवलोकनको आधारमा**

नगरपालिकाले सेवाग्राहीलाई दिदै आएको सेवा सुविधा संचालित योजनाहरु साथसाथै कार्यालयसंग सम्बन्धित समस्या जनगुनासा उजुरीहरुको बारेमा छलफल गर्ने यो कार्यक्रमले सर्वसाधारण पिछडावर्ग सम्पूर्णलाई फाइदा दिने एक ठाउँमा छ भने अर्को ठाउँमा सेवाग्राही र नगरपालिकाको बिचमा सकरात्मक सम्बन्ध बढ्न जानेछ । बहिगर्मन अभिमत संकलन गर्दा नगरपालिका कार्यालयको हाताभित्र रहेर जम्मा जम्मी २६ जनाको अभिमत लिने काम गरियो । ब्राहम्ण ०५ , क्षेत्री ०३, दलित ३, जनजाति १०, मधेशी , मुस्लिम , योगी , बालबालिका ३ गरि

जम्मा महिला १० र पुरुष १५ गरेर कुल २५ बाट बहिगर्मन अभिमत लिने काम सम्पन्न गरिएको थिया । वडा न. २,३,,४,५, ६ र ९ वडाका २५ जनाबाट अभिमत लिने काम गरिएको थियो ।

**२. बहिगर्मन अभिमतका लागि सोधिएका प्रश्नहरु र उत्तरदाताहरुको संख्या**

| **ब्राम्हण** | **क्षेत्री** | **महिला** | **पुरुष** | **दलित** | **जनजाति** | **मधेशी** | **मुस्लिम** | **योगी** | **बालबालिका** |
|---|---|---|---|---|---|---|---|---|---|
| ०५ | ०३ | १० | १५ | ०३ | १० | ० | ० | ० | ०३ |

**२.१ कार्यालयमा आउने कारण**

कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ? रेजा ( ) चिन्ह दिनुहोस् ।

क) सिफारिस लिन/पुऱ्याउन ०१

ख) दर्ता/नवीकरण ०२

ग) आर्थिक सहयोग लिन ००

घ) योजना माग गर्न ००

ङ) योजनाको किस्ता लिन ०७

च) योजनाको मूल्याङ्कन गराउन ००

छ) योजनाको अन्तिम भुक्तानी लिन १०

ज) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न

झ) सूचनामूलक सामग्री प्राप्त गर्न ०

ञ) अन्य कुनै भए ०५

**२.२ उत्तरदाताले दिएका सुझावहरु**

**राम्रो लागेका कुराहरु**

१.वडाका समस्या र कामको बारेमा जानकारी गराउने परम्परा छ ।

२.समय अनुसार काम भएको छ ।

३. कामको बारेमा सरल तरीकाले जानकारी दिने चलन छ ।

**सुधार गर्नु पर्ने विषयहरु**

(१) योजनाको बारेमा अनुशिक्षण दिनु पर्दछ ।

(२) योजनाको लागत मुल्य र लागत अनुमान बजारसंग मेलखाने हुनु पर्दछ ।

(३) योजनाको बारेमा योजना संचालन भन्दा अगाडि सबै जानकारी गराउनु पर्दछ ।

(४) योजना संचालनको बारेमा उपभोक्तालाई योजना स्थलमा पुगेर कार्य संचालन भएकै बखत नापजाँच गरेर स्टमेट अनुसार काम भएको छ छैन जानकारी गराउनु पर्दछ ।

(५) समयमा योजनाको स्टमेट र सम्झौता हुनु पर्दछ ।

(६) नगरपालिकामा रहेका पानीका मुलहरुको संरक्षण आजको आबस्यकता रहन गएको छ ।

(७) समग्रमा नगरपालिका प्रविधिमैत्री र नगरवासी मैत्री बनोस भन्ने नगरवासीको अपेक्षा रहन गएको छ ।

वडागत रुपमा संकलन गरिएका सूचनाको आधारमा पञ्चपुरी नगरपालिकाबाट सेवाग्राहिले सहयोगको आसा राखेको देखिन्छ त्यसको मुख्यकारण हो  कुनै पनि ठाँउमा सेवाग्राहिबाट सरोकारवाला निकायको नकरात्मक खालका जनगुनाशा धेरै व्यक्त भएनन् । नगरको विकासमा सबै अगाडि बढन सक्ने बातावरण बन्नेमा सबै आसाबादी रहन गएको देखिन्छ । कृर्षिविकास आजको आबस्यकता हो भन्ने विचारहरु आएका थिए ।

**सार्वजनिक सुनुवाई**

**मिति २०८१/०३/२१**

नगरपालिकाको काम, सेवाग्राहीलाई दिने सेवा, सुविधाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाइ कार्यक्रम पञ्चपुरी नगरपालिका वडा न. ९ को कार्य क्षेत्रमा मिति २०८१ असार २१ गते सम्पन्न भयो । यो कार्यक्रममा सहभागीहरुले उठाएका जिज्ञासा, उजुरी, गुनासा सुझाव र सम्बन्धित निकायबाट व्यक्त गरिएको प्रतिबद्धतालाई निम्नानुसार विश्लेषणात्मक रुपमा समावेश गरिएको छ । उक्त कार्यक्रममा सहभागी हुनु भएका सम्बन्धित सस्थाका प्रमुख प्रतिनिधिहरु, राजनितिक दलका नगरस्थित प्रमुख तथा प्रतिनिधिहरु, सुरक्षा निकायका प्रमुख, महिला विकास,  रेडियो, एफ.एम., पत्रकारहरु, उद्योग वाणिज्य संघ, उपभोक्ता मञ्च, खानेपानी

सार्बजनिक सुनुवाइ  कार्यबिधि  २०६७ अनुसार

उपभोक्ता, वन,निर्माण व्यवसायी, गैरसरकारी  संघ संस्थाहरुका प्रतिनिधि प्रमुखहरुको उपस्थिति भएको कार्यक्रममा सेवाग्राहीले तल उल्लेखित विचार व्यक्त गरेका  थिए ।

सेवाग्राही, संघसंस्थाका प्रतिनिधि समाजसेवीले नगरपालिकाको सम्पन्न सार्वजनिक सुनुवाईमा प्रश्न, गुनाशो, सुझाव तालिकामा उल्लेख भए अनुसार राखेका थिए । सबै विषय समिति तथा शाखाको जवाफको पनि तालिकामा नै समावेश गरिएको छ । लक्षित समूहको कार्यक्रमलाई थप व्यवस्थित बनाएर अगाडि लगिनेछ । स्थानिय सरकार संचालनका सम्बन्धमा जारी भएको ऐन २०७४ परिच्छेद १० को दफा ७८ उपदफा (५) बमोजिम तथा स्थानीय निकाय सार्वजनिक सुनुवाइ सम्बन्धि कार्यविधि २०६७ बमोजिम नागरिकहरुको गुनासो सुन्ने र समय परिस्थिति अनुसार सकारात्मक काम गर्दै जाने प्रतिबद्धता व्यक्त भएका छन् ।

| क्र.स. | सहभागीहरुको नाम थर | प्रश्न, गुनाशो, सुझाव | उत्तर दिने पदाधिकारी | उत्तरको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| १. | डिल्ली बास्तोला नेका वडा सभापति वडा न.९ | १.नगरको सुशासनको परम्पराको सर्मथन तथा सम्मान छ ।<br>२.उपभोक्ता समितिको काम कम प्रभावकारी अनुभव भएको छ ।<br>३.समयमा टेण्डर गर्ने परम्परा बसाउनु पर्दछ ।<br>४.ठेकेदारको काम प्रति नगरबासीको गुनाशो छ । | वडा अध्यक्ष ज्यू वडा न.९<br>वडा सदस्य ज्यू वडा न. ९<br>प्रमुख प्रशासकीय अधिकृत<br>नगर उपप्रमुख ज्यू<br>नगर प्रमुख ज्यू | १.नगरपालिकाको कार्यबाट नगरवासीहरु खुशी हुनु नगरपालिका सफल्ता हो र यसलाई अझ प्रभावकारी बनाउनमा हामी प्रतिबद्ध छौं ।<br>२.समयमा ठेक्का गर्ने र ठेकेदाराई आग्रह गर्ने ।<br>३ नगरपालिकामा कार्यविधि बनाएर मुहान संरक्षण तथा नगरपालिकाको क्षेत्राधिकारमा रहेको वन वातावरणलाई .संरक्षण गर्नेमा हामी प्रतिबद्ध छौं ।<br>४.नगरपालिकाले १६४ योजनामा ११४ योजना सम्पन्न गरेको छ ।<br>५.५० योजना बजेट निकासा नभएको तथा अन्तिम समयमा कटौति भएकाले नभएका हुन । |
| २. | नेपाल परिवार दल २०७९ का नगरपालिका मेयरका उम्मेदवार | १.सयमा बजेट बाँडफाँड गरेर काम गर्दा थप प्रगति हुने देखिन्छ ।<br>२.नगरपालिकाको कामबाट हामी प्रभावित भएका छौं । यो सफल पक्ष हो । | | १.समयको ब्यस्तता भएर पनि यो कार्य सम्पन्न भएको छ ।<br>२.नगरपालिकाको आन्तरिक मुल्याङ्कनमा थप बल पुग्ने छ भन्ने आशा |

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**

| | | | | |
|---|---|---|---|---|
| | | ३.वडा न. ७,८,१० र ११ लाई विशेष ध्यान दिनु पर्दछ जो मुख्य सडकबाट टाढा रहन गएका छन् । | | लिएका छौं ।<br>३.न्यायिक समितिमा हाल जग्गाका समस्या आउने गरेका छन् ।<br>४.अनुगमन कार्य भरपर्दा भएको छ । |
| ३. | ललित सुनार वडा न. ८ | १.नगरपालिकाले गर्ने सुशासनका कार्यहरुमा हामी प्रभावित भएका छौं ।<br>२. नगरपालिकालाई हराभरा बनाएर मुलको संरक्षण आजको आबस्यकता देखिएको छ ।<br>३.नगरपालिकाले संचालन गरेको एम्बुलेन्सका कारण नगरबासीलाई सहजता भएको छ । | | १.सार्वजनिक सुनुवाई प्रतिनिधिमुलक भएको छ ।<br>२.सडकको कार्यक्षेत्रका कारण पनि समस्या आउनेगरेको हो । यसको बारेमा प्रयास भएको छ ।<br>३.डेक्का र ठेकेदारको विषयमा सहजता र सजकताको नीति अबलम्बन गरिने छ ।<br>४.भाडादरको विषयमा छलफल भएको छ तर बढी रिस्कमा भएकाले कठोर निर्णय गर्न सकिएको छैन ।<br>५. नगरपालिकाको विकासमा जनसहभागिताको महत्वपूर्ण भुमिका रहने भएकाले नगरवासीले सोच्नु पर्ने भएको छ । |

## वि.स.२०८१ साल असार २१ गते सम्पन्न सार्बजनिक सुनुवाईलाई पञ्चपुरी नगर कार्यपालिकाका सदस्य वडा न. ९ का वडा अध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत,नगर उपप्रमुख र नगर प्रमुख ज्यूहरुको सम्बोधन र प्रतिबद्धताहरु

### १. वडा न. ९ का वडा अध्यक्ष

१.नगरपालिकाको कार्यबाट नगरवासीहरु खुशी हुनु नगरपालिका सफल्ता हो र यसलाई अझ प्रभाबकारी बनाउनमा हामी प्रतिबद्ध छौं ।

### २.प्रमुख प्रशासकीय अधिकृत

१.नगरपालिकाको कार्यबाट नगरवासीहरु खुशी हुनु नगरपालिका सफल्ता हो र यसलाई अझ प्रभाबकारी बनाउनमा हामी प्रतिबद्ध छौं ।
२.समयमा ठेक्का गर्ने र ठेकेदाराई आग्रह गर्ने कार्यमा हामी प्रतिबद्ध छौं ।
३ नगरपालिकामा कार्यविधि बनाएर मुहान संरक्षण तथा नगरपालिकाको क्षेत्राधिकारमा रहेको वन वातावरणलाई .संरक्षण गर्नेमा हामी प्रतिबद्ध छौं ।
४.नगरपालिकाले १६४ योजनामा ११४ योजना सम्पन्न गरेको छ ।
५.५० योजना बजेट निकासा नभएको तथा अन्तिम समयमा कटौति भएकाले नभएका हुन ।

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**

**नगर उपप्रमुख**

१.नगरपालिकाको कार्यबाट नगरवासीहरु खुशी हुनु नगरपालिका सफल्ता हो र यसलाई अझ प्रभावकारी बनाउनमा हामी प्रतिबद्ध छौं ।

२.समयमा ठेक्का गर्ने र ठेकेदाराई आग्रह गर्ने ।

३.समयको ब्यस्तता भएर पनि यो कार्य सम्पन्न भएको छ ।

२.नगरपालिकाको आन्तरिक मुल्याङ्कनमा थप बल पुग्ने छ भन्ने आशा लिएका छौं ।

३.न्यायिक समितिमा हाल जग्गाका समस्या आउने गरेका छन् ।

४.अनुगमन कार्य भरपर्दा भएको छ ।

**नगर प्रमुखका प्रतिबद्धताहरु**

१.नगरपालिकाको कार्यबाट नगरवासीहरु खुशी हुनु नगरपालिका सफल्ता हो र यसलाई अझ प्रभावकारी बनाउनमा हामी प्रतिबद्ध छौं ।

२.समयमा ठेक्का गर्ने र ठेकेदाराई आग्रह गर्ने ।

३ नगरपालिकामा कार्यविधि बनाएर मुहान संरक्षण तथा नगरपालिकाको क्षेत्राधिकारमा रहेको वन वातावरणलाई .संरक्षण गर्नेमा हामी प्रतिबद्ध छौं ।

४.नगरपालिकाले १६४ योजनामा ११४ योजना सम्पन्न गरेको छ ।

५.५० योजना बजेट निकासा नभएको तथा अन्तिम समयमा कटौति भएकाले नभएका हुन ।

नगरप्रमुखका तीन प्रतिबद्धताहरु

१.समयको महत्वलाई हामीले सम्म्मान गरेका छौ र गरिरहने कुरामा हामी प्रतिबद्ध छौं ।

२.नगरपालिकाले दिने सेवा नगरमैत्री हुनेमा हामी प्रतिबद्ध छौं ।

३.नगरका योजना संचालनमा सिमानिर्धारण र सान्दर्भिकताको आधारमा ठेकेदार वा उपभोक्ता समिति न्यायसंगत औचित्यका आधारमा संचालन गरिने छ ।

## अनुसुची : १ सार्वजनिक सुनुवाइको लागि सार्वजनिक सूचना र पत्र

# पञ्चपुरी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत

प.सं. : ०८०।०८१
च.नं. :

मिति : २०८१।०३।१३
ने.सं. ११४४ तछलागा, ६ बिहीबार ।

**सूचना । सूचना ।। सूचना ।।।**

प्रस्तुत विषयमा यस पञ्चपुरी नगरपालिकाको आ.व. २०८०।०८१ को दोश्रो सार्वजनिक सुनुवाई कार्यक्रम तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यस नगरपालिका स्थित सम्पूर्ण सरकारी कार्यालय, गैरसरकारी संघ संस्थाहरू, वित्तिय संस्थाहरू, सञ्चारकर्मी, सर्वसाधारण तथा सरोकारवाला सबैको अनिवार्य तथा गरिमामय उपस्थितीको लागि हार्दिक अनुरोध छ ।

तपसिल :

| | |
|---|---|
| **मिति** | २०८१ असार २१ गते शुक्रवार |
| **समय** | बिहान ११:०० बजेदेखि |
| **स्थान** | पञ्चपुरी नगरपालिका, वडा नं. ९ को वडा कार्यालय विद्यापुर प्रांगण |

डिल बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

"कृषि-पशुपालन, पर्यटन शिक्षा, स्वास्थ्य र स्वरोजगार: सुदृढ जनस्वास्थ्य सहितको समृद्ध पञ्चपुरीको आधार"
फोन नं. ०८३४१६०६७, वेभसाइट : www.panchapurimun.gov.np
इमेल-info@ panchapurimun.gov.np, ito.panchapurimun@gmail.com


CS Scanned with CamScanner

**अनुसुची : २ सार्वजनिक सुनुवाइको ब्यानर**




**अनुसुची : ३ सार्वजनिक सुनुवाइको उपस्थितिहरु**

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**




PAGE NO.
DATE

आज मिति २०८१ असार २१ गतेका दिन पञ्चपुरी नगरपालिकाको (आ.व. २०८०/०८१) दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम नगर प्रमुख लालवीर भण्डारी ज्यूको अध्यक्षतामा तपसीलको उपस्थितिमा सम्पन्न भयो।

उपस्थितिहरू

१. नगर प्रमुख लालवीर भण्डारी ज्यू
२. नगर उपप्रमुख भक्ति देवि रेग्मी
३. प्रमुख प्रशासकीय अधिकृत डिल बहादुर कार्की
४. वडा अध्यक्ष वडा नं ६ पूर्ण प्रसाद घिमिरे
५. " " " -८ दिपक कुमार थापा
६. कार्यपालिका सदस्य कमला सुवेदी
७. " " गोर्खे वि.क
८. लेखा अधिकृत द्रोर्ण देव वन
९. वडा सदस्य वडा नं ९ राम बहादुर थापा
१०. " " कविता वि.क.
११. " " शेर बहादुर थापा
१२. " वडा नं ६ मन बहादुर बहराई बरै
१३. इलाका प्रहरी कार्यालय विनोद कुमार सुवेदी
१४. वन अधिकृत कृष्ण प्रसाद घिताल
१५. स्वास्थ्य शाखा प्रमुख गंगा देव पुरी
१६. स्वास्थ्य चौकी प्रमुख विजुवार किरण गौतम
१७. अ.स.ई प.न.पा. सुरेन्द्र बोहरा
१८. कृषि शाखा प्रमुख दिपेन्द्र न्यौपाने
१९. मोती प्रसाद सापकोटा - ने.रे.सो. विधापुर उपशाखा सभापति
२०. तारासिंह वयक - विधापुर-९
२१. चन्द्र प्रसाद बास्तोला
२२. टिकाराम सापकोटा (२१)
२३. ललित कुमार सुनार दुलालथाई, नागरिक चुनौती (प.ग) अध्यक्ष
२४. डिल्लीराम बास्तोला नेपाली काँग्रेस प.न.पा. ६ सभापति
२५. किडिया वन कार्यालय मैत्री ... विकाश गुरुङ
२६. " " " ... श्री हरि प्रसाद ...
२७. अमर वाउले
२८. सिताराम कँडेल
२९. धिरेन्द्र सापकोटा




## अनुसुची : ४ सार्वजनिक सुनुवाइका तस्विरहरु



**सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै तारासिंह बयक ज्यू (नेपाल परिवार दल)**



**सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै डिल्लीराम बास्तोला ज्यू (नेका वडा सभापति)**

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**



**सार्वजनिक सुनुवाईमा जिज्ञासा राख्दै सहभागि ललित सुनार ज्यू वडा न ८**

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**




**सार्वजनिक सुनुवाईमा जिज्ञासा,प्रश्न र गुनाशोहरु स्पष्ट पार्दै प्रमुख प्रशासकीय**

**अधिकृत डिल बहादुर कार्की ज्यू**

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**




**सार्वजनिक सुनुवाईमा जिज्ञासा,प्रश्न र गुनाशोहरु,प्रतिबद्धता ब्यक्त गर्दै नगर उपप्रमुख मुक्तीदेवी रेग्मी(पुरी) ज्यू**

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**




**सार्वजनिक सुनुवाईमा जिज्ञासा,प्रश्न र गुनाशोहरु,प्रतिबद्धता ब्यक्त गर्दै नगर प्रमुख**

**लालवीर भण्डारी ज्यू**

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**

सार्बजनिक सुनुवाइ  कार्यबिधि  २०६७ अनुसार

## सन्दर्भ सामग्रीहरु

| | |
|---|---|
| नेपालको संविधान | २०७२ |
| स्थानीय सरकार संचालन ऐन | २०७४ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम | २०७४/०७५ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम | २०७५/०७६ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम | २०७६/०७७ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रमको समिक्षा | २०७८ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रमको समिक्षा | २०७९ |
| नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम | २०८० |
| स्थानिय तह श्वायत्त शासन ऐन | २०५५ |
| स्थानिय तह श्वायत्तशासन नियमावली | २०५६ |
| स्थानिय तह आर्थिक प्रशासन नियमावली | २०६४ |
| सार्बजनिक सुनुवाइ  कार्यबिधि | २०६७ |
| सुशासन (ब्यबस्थापन तथा संचालन) ऐन , | २०६४ |
| सुशासन (ब्यबस्थापन तथा संचालन) नियमावली | २०६५ |
| नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यबिधि (दोस्रो संशोधनमा परिमार्जन सहित) | २०६५ |
| सार्बजनिक सुनुवाई  कार्यविधि | २०६७ |
| सामाजिक परीक्षण कार्यविधि | २०६७ |

**स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) बमोजिम नगरपालिकाले दिने सार्बजनिक सेवा**